# समाज विकास बुलेटिन

मासिक प्रकाशन

वैशाख २०६७ | वर्ष २१, अङ्क १०, पूर्णाङ्क २२९




## समाज कल्याण परिषद् र विभिन्न अन्तर्राष्ट्रिय संस्थाबीच संझौता सम्पन्न

२०६७ वैशाख महिनामा परिषद् र तपसिल बमोजिमका अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूबीच नेपालमा विभिन्न कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता सम्पन्न भयो ।

समाज कल्याण परिषद् र **World Education Inc., USA** बीच नेपालमा Naya Bato Naya paila (New path New Steps) नामक कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता सम्पन्न भयो । नेपालका विभिन्न १० वटा जिल्लाहरूमा NFE/Transitional Education, Drop-in Centers, औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, अनौपचारिक शिक्षा तालिमलगायतका क्रियाकलाप सञ्चालन गरिने छ । ३ वर्षको अवधिमा स्थानीय १३ वटा संघ संस्थाहरू मार्फत अमेरिकी डलर २७,४६,९९५ अनुदान सहयोग उपलब्ध हुनेछ । अनुदान सहयोग सम्बन्धी सम्झौता पत्रमा समाज कल्याण परिषद्का तर्फबाट सदस्य-सचिव डा. छेवाङ्ग नाम्गेल लामा (शेर्पा) र **World Education Inc. USA** का तर्फबाट Country Director Chij Kumar Shrestha ले संयुक्त हस्ताक्षर गर्नुभयो ।



यसै गरी समाज कल्याण परिषद् र **Fondazione UN Raggio di Luce (FUDRL) onlus, Italy** बीच Cooperative development activities to support the ongoing projects सञ्चालन सम्बन्धी संशोधित परियोजना सम्झौता भयो । सम्झौता अनुसार दोलखा, जुम्ला, काठमाडौं र काभ्रेपलाञ्चोक जिल्लाहरूमा महिला सहकारी संस्थाहरूको क्षमता विस्तार, सहकारी व्यवस्थापन तालिम, लेखा र आर्थिक व्यवस्थापन तालिम, उद्यमशिलता विकास तालिम, नेतृत्व विकास र सुशासन व्यवस्थापन क्रियाकलापहरू सञ्चालन गरिनेछ । कार्यक्रममा साझेदार संस्था सूर्य सामाजिक सेवा समाज र महिला आधारशिला मार्फत रु. ४३,७०,१००।– अनुदान सहयोग प्राप्त हुनेछ । सम्झौतापत्रमा समाज कल्याण परिषद्का तर्फबाट सदस्य-सचिव डा. छेवाङ्ग नाम्गेल लामा (शेर्पा) र **FURDL** का तर्फबाट Country Represntative Dhan Bahadur Air ले संयुक्त हस्ताक्षर गर्नुभयो ।

समाज कल्याण परिषद् र **Terre des homes Foundation, Switzerland** बीच From child Home to Child Protection नामक परियोजना सञ्चालनको लागि कार्यक्रम सम्झौता सम्पन्न भयो । हुम्ला र जुम्ला जिल्लाहरूका क्रमश: ११० र ७५ परिवारमा बालबालिकाहरूको संरक्षण र परामर्श सेवा दिने एवं सरकारी र नागरिक समाजका व्यक्तिहरूमा बालबालिकाहरूको संरक्षण, सम्वर्द्धन एवं हकहितका सम्बन्धमा न्यूनतम जानकारीहरू उपलब्ध गराइने छ । यस कार्यक्रममा TDH ले साझेदार संस्थाहरू CMC, SEDA / THIS मार्फत रु. ७९,०३,९८०।– अनुदान सहयोग उपलब्ध गराउने छ । अनुदान सहयोग सम्बन्धि सम्झौता पत्रमा समाज कल्याण परिषद्का तर्फबाट सदस्य-सचिव डा. छेवाङ्ग नाम्गेल



लमा (शेर्पा) र TDH का तर्फबाट Delegate Joseph Aguettant ले संयुक्त हस्ताक्षर गर्नुभयो ।

यसै गरी समाज कल्याण परिषद्, **Danish Red Cross, Denmark** र सहयोगी संस्था नेपाल रेडक्रस सोसाइटीबीच Community Based Health Development in Mugu District

(बाँकी १२ पेजमा)

### यस अङ्कमा


१ अन्तर्राष्ट्रिय दातृ संस्थासँग सम्झौता १

२. List of INGOs Working with Social Welfare Council २

## समाज कल्याण परिषद र ... ...

नामक परियोजना सञ्चालनका लागि परियोजना सम्झौतामा हस्ताक्षर भयो । कार्यक्रम अन्तरगत मातृ शिशु स्वास्थ्य कार्यक्रम, जिल्लाको स्वास्थ्य सम्बन्धि सरोकारका सवालहरू, खानेपानी र सरसफाई एवं शिक्षासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गरिनेछ । प्रस्तुत कार्यक्रम सञ्चालनका लागि ५ वर्षको अवधिमा Danish Red Cross ले नेपाल रेडक्रस सोसाइटी मार्फत रु. ११,७९,२०,०००।– अनुदान सहयोग उपलब्ध गराउनेछ । सहयोग सम्बन्धी सम्झौता पत्रमा समाज कल्याण परिषद्का तर्फबाट सदस्य-सचिव डा. छेवाङ्ग नाम्गेल लामा (शेर्पा), **Danish Red Cross** का तर्फबाट Country Representative Jorgen Kristensen र Nepal Red Cross Society का तर्फबाट General Secretary Dev Ratha Dhakhwa ले संयुक्त हस्ताक्षर गर्नुभयो ।

समाज कल्याण परिषद् र **World Assenbly of Muslim Youth (WAMY) K.S.A.** बीच Youth Trainiag and Skill Development नामक परियोजना सञ्चालनको लागि कार्यक्रम सम्झौता सम्पन्न भयो । काठमाडौं, सिरहा, कपिलवस्तु, पाल्पा, सप्तरी, सुनसरी र मोरङ जिल्लाहरूमा विद्यार्थीहरूलाई पि.एच.डी. सम्मको छात्रवृत्ति, कम्प्युटर र अङ्ग्रेजी भाषाको तालीम सञ्चालन, अरबी भाषाको ज्ञानमा वृद्धि, एवं युवा वर्गको क्षमता विकास र क्षमता अभिवृद्धि आदि क्रियाकलापहरू सञ्चालन गरिनेछ । अनुदान सहयोग सम्बन्धि सम्झौता अनुसार साझेदार संस्थाहरू अल हिरा एजुकेशनल सोसाइटी, हेल्प सर्भिस एन्ड रिलिफ एसोसियन र स्टुडेन्ड एजुकेशन फण्डेसन नेपाल मार्फत ३ वर्षको अवधिका अमेरिकी डलर ३,७७,३३७ अनुदान सहयोग प्राप्त हुनेछ । सम्झौतापत्रमा समाज कल्याण परिषद्का तर्फबाट सदस्य सचिव डा. छेवाङ्ग नाम्गेल लामा (शेर्पा) र **WAMY, K.S.A.** का तर्फबाट Contry Director Dr. Shamim Ahmad ले हस्ताक्षर गर्नुभयो ।

समाज कल्याण परिषद् र **The Public International Law and Police Group (PILPG), USA** बीच नेपालमा विभिन्न विकास कार्यक्रम सञ्चालन सम्बन्धी ३ वर्ष अवधिको साधारण सम्झौता सम्पन्न भयो । यो सम्झौता परिषद् र यस INGO बीच सन् २००९ मा भएको सम्झौताको संशोधित रूप हो । यस सम्झौता अनुसार PILPG ले वार्षिक रूपमा न्यूनतम अमेरिकी डलर १,००,०००.०० खर्च गर्ने छ । सम्झौता पत्रमा परिषद्का तर्फबाट सदस्य-सचिव डा. छेवाङ्ग नाम्गेल लामा (शेर्पा) र **PILPG** का तर्फबाट Chief of party Brendan H. Doherty (J.D.) ले हस्ताक्षर गर्नुभयो ।

## सूचना

यो मासिक बुलेटिन हो । यसमा समाज कल्याण परिषद्सँग आवद्ध स्वदेशी सामाजिक सङ्घसंस्था र परिषद्सँग सम्बद्ध अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका गतिविधिहरू पनि प्रकाशित गरिँदै आएको छ ।

तसर्थ यसमा आफ्नो गतिविधि तथा अमूल्य राय, सुझाव उपलब्ध गराइदिनुहुन सम्बन्धित व्यक्ति एवं सङ्घसंस्थाहरूमा अनुरोध छ ।

समाज विकास बुलेटिनमा समसामयिक लेखहरू पनि समावेश गरिन्छ ।

समाज विकास बुलेटिनको नियमित ग्राहक बनी उक्त सामग्रीबाट लाभ उठाउनसमेत अनुरोध गरिन्छ ।

पत्राचार ठेगाना
समाज कल्याण परिषद्
लैनचौर, काठमाडौं, नेपाल
पो.ब.नं.: २९४८
फोन नं.: ४४१८१११
फ्याक्स : ९७७-१-४४१०२७९, E-mail: info@swc.org.np web site: www.swc.org.np

समाज कल्याण परिषद्का लागि अनुगमन तथा मूल्याङ्कन विभाग, सूचना शाखाद्वारा प्रकाशित
कार्यकारी सम्पादक : भगवती संग्रौला (लम्साल)